म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २३५ आइतबार २० चैत २०७८ द्वितीया ने. सं. ११४२ चिल्लाथ्वा 3 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## स्वास्थ्यकर्मीलाई विकिरण सुरक्षासम्बन्धी तालिम

हेटौंडा, १९ चैत/ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बागमती प्रदेशको विभिन्न जिल्लाका स्वास्थ्यकर्मीहरुलाई विकिरण सुरक्षासम्बन्धी तालिम दिएको छ ।

मन्त्रालयले प्रदेशको विभिन्न जिल्लाका स्वास्थ्यकर्मीहरुलाई विकिरण सुरक्षासम्बन्धी दुई दिने तालिम हेटौंडामा दिएको हो । तालिमको शनिबार बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानले उद्घाटन गरेकी थिइन् । विकिरण ९० स्वास्थ्य क्षेत्रमा प्रयोग हुने भएकोले यसको बारेमा स्वास्थ्यकर्मीहरुलाई तालिम दिइएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव प्रल्हाद पोखरेलले बताए । तालिममा स्वास्थ्यकर्मीहरुलाई एक्सरे, भिडियो एक्सरे, सिटिस्क्यान तथा एमआरआई जस्ता स्वास्थ्य परीक्षणको कार्य गर्दा प्रयोग हुने विकिरणबाट कसरी सुरक्षित हुने भन्ने विषयमा प्रशिक्षण दिइएको थियो । आज आइतबारसम्म सञ्चालन हुने तालिममा ३ जना विज्ञहरुले प्रशिक्षण दिइरहेका छन् ।

# प्रमुख बन्ने दौडमा स्थानीय तहका उपप्रमुखहरु

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ स्थानीय तहको निर्वाचन भएको आगामी वैशाख ३१ गते ५ वर्ष पूरा हुँदैछ । २०७४ सालको निर्वाचनबाट चुनिएका वर्तमान जनप्रतिनिधि पदमुक्त हुँदैछन् । नयाँ जनप्रतिनिधि चयन गर्न आगामी वैशाख ३० गते पुन: स्थानीय तहको निर्वाचन हुँदैछ ।

स्थानीय तहको निर्वाचनको मिति नजिकिएसँगै मकवानपुरको १० वटै पालिकामा चुनाव केन्द्रित गतिविधिहरु भइरहेका छन् । निर्वाचनमा होमिन चाहेका आकांक्षीहरु खुलेर उम्मेदबारी घोषणा गर्ने, पार्टीभित्र लबिङ गर्ने र चुनाव लक्षित भेटघाटलाई बढाउने कार्यमा व्यस्त देखिन्छन् । वैशाखमा हुन लागेको स्थानीय तहको निर्वाचनमा वर्तमान अवस्थामा पालिकाको प्रमुख रहेकाहरु पुन:सोही पदमा दोहोरिन चाहेको देखिन्छ भने उपप्रमुखहरु एक स्टेप अघि बढेर प्रमुखको जिम्मेबारी सम्हाल्न चाहान्छन् । जिल्लाको १० वटा पालिकामध्ये अधिकांश पालिकाको उपप्रमुखहरु आगामी निर्वाचनबाट प्रमुख पदमा आउन आकांक्षी देखिएका हुन् । संविधानले व्यवस्था गरेअनुसार २०७४ सालको निर्वाचनमा उपप्रमुखमा उठेका महिला जनप्रतिनिधिहरु ५ वर्षको अवधिमा आफूहरुले राम्रो अनुभव र दक्षता हासिल गरेको भन्दै प्रमुख पदको दाबेदार देखिएका हुन् ।

हाल मकवानपुरमा रहेको १० वटा पालिकामध्ये एउटा उपमहानगर, एउटा नगरपालिका र ८ वटा गाउँपालिका छ । तीमध्ये ९ वटा पालिकामा महिला उपप्रमुख छन् भने थाहा नगरपालिकामा पुरुष उपप्रमुख छन् । २०७४ को निर्वाचनमा एमालेले १० वटा स्थानीय तहमध्ये ६ वटामा प्रमुख र ८ स्थानीय तहमा उपप्रमुख पद जितेको थियो । एमालेले हेटौंडा उपमहानगरपालिकासहित मनहरी गाउँपालिका, कैलाश गाउँपालिका, भीमफेदी गाउँपालिका, ईन्द्रसरोवर गाउँपालिका, मकवानपुरगढी गाउँपालिकामा प्रमुख र उपप्रमुख दुबै पदमा जीत हासिल गरेको थियो भने बकैया गाउँपालिका र बागमती गाउँपालिकामा उपप्रमुख पद जितेको थियो । त्यस्तै, नेपाली काँग्रेस र माओवादी केन्द्रले २/२ वटा स्थानीय तहमा नेतृत्व लिएका थिए । काँग्रेसले राक्सिराङ गाउँपालिकामा पालिका प्रमुख र उपप्रमुखसहित बकैया गाउँपालिकामा प्रमुख पद जितेको थियो । माओवादी केन्द्रले बागमती गाउँपालिका र थाहा नगरपालिकामा पालिका प्रमुख पद जितेको थियो ।

जिल्लाको ९ वटै स्थानीय तहका उपप्रमुखले महिला पनि पालिका प्रमुखको जिम्मेबारी लिन सक्षम रहेको बताएका छन् । पार्टीले अवसर दिएको खण्डमा पुरुषसरह जिम्मेबारी लिएर काम गर्न महिला पनि सक्षम रहेको उनीहरुको भनाइ छ । मकवानपुरको हेटौंडा उपमहानगरपालिकाकी उपप्रमुख मिनाकुमारी लामा, बागमती गाउँपालिकाकी धनमाया स्याङ्तान, बकैयाकी सरला बोलखे, मकवानपुर गढीकी हर्कमाया रुम्बा, ईन्द्रसरोवरकी उमाकुमारी लामा, कैलाशकी सुकुमाया थिङ, राक्सिराङकी निर्मला हिम्डुङ, मनहरीकी मनिला विष्ट र भीमफेदीकी पार्वती रानाले पालिका उपप्रमुख भएर काम गर्दै आएको अनुभवले पनि आफूहरुले अब प्रमुखको भूमिका पाउनुपर्ने दाबी गरेका हुन् । उनीहरुले पार्टीले विगतको कामको मूल्याङ्कन गरेर लैंगिक विभेद नगरी पालिका प्रमुखको भूमिकामा महिलाहरुलाई अगाडि बढाउनुपर्ने बताएका छन् । पालिका प्रमुखको काम कुनै एउटा विशेष लिङ्कले नभइ आफ्नो जिम्मेवारी र लगनशिलताले गर्ने भएकाले त्यसलाई सबै दलले बिचार गर्नुपर्ने उनीहरुको भनाइ छ ।

मकवानपुरको विकट कैलाश गाउँपालिकाकी उपाध्यक्ष सुकुमाया थिङ आगामी स्थानीय तहको निर्वाचनमा आफू गाउँपालिका अध्यक्ष पदको दाबेदार रहेको बताइन् । विगत केहि महिनादेखि गाउँपालिकाको अध्यक्षको समेत जिम्मेवारी सम्हाल्दै आएकी उनले आफूले गाउँपालिका हाँक्न सक्ने बताएकी छन् । 'मैले गाउँपालिकाको कार्यबाहक अध्यक्षको रुपमा पनि काम गरिसकेको छु । कुनैपनि काम देखेर यो काम गर्न सक्दिन जस्तो लाग्दैन । म गाउँपालिकाको प्रमुख पदमा रहेर काम गर्न सक्षम छु', उनले भनिन् । अख्तियारमा मुद्दा परेर गाउँपालिकाको अध्यक्ष निलम्बनमा परेपछि उनले पालिका प्रमुखको रुपमासमेत काम गर्दै आइरहेकी छन् । अध्यक्ष पदमा टिकट ल्याउने विषयमा आफू पार्टी नेतृत्वसँगको छलफलमा रहेको उनको भनाइ छ । २०७४ को निर्वाचनमा उनी एमालेबाट पालिका उपाध्यक्ष पदमा निर्वाचित भएकी थिइन् ।

२०७४ को निर्वाचनमा एमालेबाट मकवानपुरको मनहरी गाउँपालिका उपाध्यक्षमा निर्वाचित भएकी मनिला विष्ट अहिले नेकपा एकीकृत समाजवादीमा आवद्ध छिन् । आगामी निर्वाचनमा उनी पालिका अध्यक्षमा उम्मेदबार बन्ने भन्दै लबिङ गरिरहेकी छन् । पार्टीले विगत ४ वर्षदेखिको काम र सक्रियताको आधारमा आगामी निर्वाचनमा आफूलाई अध्यक्षको उम्मेदवार बनाउने उनले विश्वास व्यक्त गरिन् । यद्यपि, राजनीतिक दलहरुमा महिलाले नेतृत्व पाउने विषय अलि कठिन हुने उनको बुझाइ छ ।

भीमफेदी गाउँपालिकाकी उपाध्यक्ष पार्वती राना पनि यतिबेला गाउँपालिकाको प्रमुख पदमा उठ्नको लागि लविङ गरिरहेकी छन् । विगतको निर्वाचनमा एमालेबाट भीमफेदी गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित रानाले आफू पालिका प्रमुखको जिम्मेवारी सम्हाल्न सक्षम रहेको बताएकी छन् । विगतको निर्वाचनमा एमालेबाट भीमफेदी गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित रानाले आफ्नो दाबी अध्यक्षमा रहे पनि पार्टीले टिकट दिनेमा भने विश्वस्त नरहेको बताइन् ।

राक्सिराङ गाउँपालिकाकी उपाध्यक्ष निर्मला हिम्डुङले पालिका अध्यक्ष राजकुमार मल्लले छाडेमा अध्यक्ष बन्ने पालो आफ्नै भएको बताएकी छन् । उनले पालिका अध्यक्षमा आफ्नो दाबी भएपनि आगामी निर्वाचनमा अध्यक्ष मल्लले दोहोरिने इच्छा राखेका कारण आफू पुन: उपाध्यक्षमै उठ्ने बताइन् । अध्यक्ष मल्लले माथिल्लो नेतृत्वमा जाने इच्छा गरेमा भने आफू अध्यक्ष पदमा दाबी गरेर अघि बढ्ने उनले बताइन् । २०७४ सालको निर्वाचनमा राक्सिराङमा अध्यक्ष र उपाध्यक्ष दुवै काँग्रेसले जितेको थियो ।

'आगामी निर्वाचनमा गाउँपालिकाको अध्यक्षमा उठ्ने मेरो ईच्छा हो । तर, अहिलेको अध्यक्षज्यूले पनि दोहाऱ्याउन चाहानु भएको छ भन्ने सुनेको छु । उहाँ माथिल्लो तहमा गए मेरो पालो आउथ्यो', उनले भनिन् । बकैया गाउँपालिकाको उपाध्यक्ष सरला बोलखेले पनि अध्यक्ष पदमा दाबी गरिरहेकी छन् । उनले पुन: उपाध्यक्ष पदमा उठ्ने इच्छा नभएको भन्दै अध्यक्ष पदमा आकांक्षा व्यक्त गरेको बताएकी छन् ।

हेटौंडा उपमहानगर पालिकाको उपमेयर मिनाकुमारी लामाले आफू मेयरको दाबेदार भएको बताएकी छन् । उनले आफू कर्ममा प्रतिबद्ध भएकाले पनि आगामी निर्वाचनमा पार्टीले आफूलाई मेयरमा अघि बढाउने विश्वास व्यक्त गरिन् । २०७४ को निर्वाचनमा एमालेबाट हेटौंडाको उपमेयरमा निर्वाचित भएकी उनी हाल नेकपा एकीकृत समाजवादीमा छिन् ।

# मकवानपुर जिल्लामा पाँच वर्षमा थपिए ६७ हजार मतदाता

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ ३० वैशाखमा तोकिएको स्थानीय तह निर्वाचनका लागि तयारी तीव्र पारिएको छ । निर्वाचन आयोगले निर्वाचनको तयारी अन्तिम चरणमा रहेको जानकारी दिएको छ ।




निर्वाचन आयोगले केही दिनअघि मात्रै २९ बैशाख २०७९ सम्ममा १८ वर्ष पूरा भएका नागरिकलाई समावेश गरेर मतदाताको नामावली सार्वजनिक गरेको छ । मकवानपुरमा बितेको पाँच वर्षभित्र उल्लेख्य संख्यामा मतदाता थपिएका छन् । निर्वाचन आयोगका अनुसार २०७४ सालको स्थनीय तह निर्वाचनपछि मकवानपुरमा ६७ हजार एकसय ६० जना मतदाता थपिएका हुन् । स्थानीय तह निर्वाचन २०७४ मा मकवानपुरको मतदाताको संख्या दुई लाख २७ हजार सात सय ५९ थियो । आशन्न स्थानीय तहको निर्वाचनमा दूई लाख ९४ हजार नौसय १९ जनाले मत हाल्न पाउने भएका छन् ।

जसमध्ये एकलाख ४९ हजार नौसय ५४ जना पुरुष, एक लाख ४४ हजार नौसय ५९ जना महिला र अन्यमा ६ जना मतदाता रहेका छन् । सबैभन्दा बढी मतदाता हेटौंडा उपमहानगरपालिकाको एक लाख चारहजार चारसय ७३ जना मतदाता छन् । जसमध्ये ५० हजार सातसय २५ जना पुरुष र ५३ हजार सातसय ४५ महिला र तीन जना अन्य रहेका छन् । सबैभन्दा कम मतदाता ईन्द्रसरोबर गाउँपालिकामा १२ हजार चारसय ७१ जना छन् । जसमध्ये छहजार चारसय ६५ जना पुरुष र छहजार छ जना महिला रहेको निर्वाचन आयोगले जनाएको छ । थाहा नगरपालिकामा कूल ३२ हजार तीनसय सात मतदातामध्ये १६ हजार छसय ९९ जना पुरुष र १५ हजार छसय सात जना महिला र एक जना अन्य छन् ।

मकवानपुरगढी गाउँपालिकामा १९ हजार एकसय १८ जना मतदातामध्ये नौ हजार आठसय ९९ जना पुरुष र नौहजार दुईसय १९ जना महिला रहेको आयोगले जनाएको छ । आयोगका अनुसार बकैया गाउँपालिकामा १५ हजार पाँचसय ९३ जना पुरुष, १४ हजार तीनसय ४८ जना महिला र दुई जना अन्य गरी कूल २९ हजार नौसय ४३ जना मतदाता, बागमती गाउँपालिकामा ११ हजार एकसय ९० जना पुरुष र १० हजार आठ सय ५० महिला गरेर २२ हजार ४० मतदाता छन् ।

भीमफेदी गाउँपालिकामा आठ हजार नौसय ३५ जना पुरुष र आठ हजार चारसय ९३ जना महिला गरेर १७ हजार चारसय २८ जना मतदाता छन् । मनहरी गाउँपालिकामा १३ हजार सातसय नौ जना पुरुष र १३ हजार १२ जना महिला गरेर २६ हजार सातसय २१ जना मतदाता छन् ।

राक्सिराङमा आठ हजार सातसय ४७ जना पुरुष र सात हजार ८५ जना महिला गरेर १५ हजार आठसय ३२ जना, कैलाश गाउँपालिकामा सात हजार नौसय ९२ जना पुरुष र छ हजार पाँच सय ९४ जना महिला गरेर १४ हजार पाँच सय ८६ जना मतदाता रहेको आयोगले जानकारी दिएको छ । निर्वाचन आयोगका अनुसार मकवानपुरमा मतदान स्थलको संख्या एकसय ६५ र मतदात केन्द्रको संख्या तीनसय ५६ छ ।

## गाँजासहित भैंसेबाट युवक पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ प्रतिबन्धित लागूऔषध गाँजासहित भीमफेदी गाउँपालिकाको भैंसेबाट एक युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

हेटौंडा उपमहानगर पालिका-६ चौघडा बस्ने २१ वर्षीय निमेस प्रजालाई प्रहरीले गाँजासहित पक्राउ गरेको हो ।

प्रहरी चौकी भैंसेबाट खटिएको प्रहरी टोलीले करिब ३ सय ५० ग्राम अवैध लागूऔषध गाँजासहित पक्राउ गरिएको हो । ना. ४ च ५९३६ नम्बरको गाडीलाई जाँच गर्ने क्रममा गाडीमा सवार प्रजाको साथबाट गाँजा बरामद भएको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
☞ Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞ Full Charge ले १०० किमी कुद्ने ।
☞ २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ ट्यूबलेस टायर ☞ ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# एमालेबिरुद्ध पाँच दल !

आगामी २०७९ बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा मकवानपुर जिल्लामा नेकपा एमालेबिरुद्ध पाँच दलको गठबन्धन हुने पक्का भएको छ । नेपाली काँग्रेसको नेतृत्वमा पाँच दल गठबन्धन बनाएर चुनावी मैदानमा उत्रने तयारी भएको छ । गठबन्धनमा नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, र राष्ट्रिय जनमोर्चा पार्टी छन् । गठबन्धनले मुख्य प्रतिस्पर्धीको रुपमा नेकपा एमालेलाई लिएको छ । मकवानपुरमा लामो समय पहिलो पार्टी भएर सत्ता सञ्चालन गरेको एमालेलाई कुनैपनि हालतमा पछार्ने रणनीतिमा गठबन्धन रहेको छ भने एमाले पनि आफ्नो पुरानो शक्ति फर्काउने कसरतमा लागेको छ ।

मकवानपुर जिल्लाको एकसय दुई वटा वडामा गठबन्धनबाट को-को उम्मेदवार हुने र नेकपा एमालेलगायत अन्य पार्टीबाट को-को उम्मेदवार हुने भन्ने अब चासोको विषय बनेको छ । गठबन्धन दललाई उम्मेदवार छनौट गर्न ठूलो सकस पर्ने देखिएको छ । एकल पार्टी हुँदा त उम्मेदवार चयन गर्न आन्तरिक समस्यामा फस्ने गरेका दलहरु पाँचवटा एकै ठाउँमा उभिँदा सबैलाई भाग पुऱ्याएर र चित्त बुझाएर उम्मेदवार चयन गर्नु निकै कठिन हुने देखिन्छ । त्यसमा विगतको निर्वाचनको परिणाम र दलहरुको वर्तमान अवस्थालाई आधार मानेर गर्ने तयारी गठबन्धनले गरिरहँदा प्रमुख प्रतिस्पर्धी मानिएको नेकपा एमाले पनि एक साताभित्र उम्मेदवार चयन गरिसक्ने तयारीमा जुटेको छ ।

स्थानीय तहको निर्वाचन भनेको सबै दलको नीति र निर्देशनभन्दा पनि स्थानीय क्षेत्रमा लोकप्रिय, जनतामाझ सधैं भिजिरहेका र एकअर्को पार्टीमा पनि तिक्तता नभएका व्यक्तिलाई रुचाउने हुँदा गठबन्धन लोकप्रिय नेतालाई टिकट दिलाउने पक्षमा लाग्ने देखिएको छ । उता, नेकपा एमालेले अन्य दलबीच गठबन्धन हुँदा र नहुँदाको अवस्थामाको उम्मेदवार उठाउँदा चुनाव जित्न सकिन्छ ? भन्ने रणनीतिका साथ अगाडि बढिरहेको छ । एमालेलाई लामो समय मकवानपुरमा भएको आफ्नो जनमत जोगाउन यतिखेर हम्मे पर्ने देखिएको छ भने गठबन्धन दलहरुलाई पाँच दल मिल्दा पनि चुनाव जित्न सकिएन भने सबै पार्टीको साख गुम्ने चिन्ता छ । त्यसैले आगामी निर्वाचनको नतिजा के होला भन्ने चासो अब झनै बढेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ चैत २१ गते सोमबार ४ अप्रिल २०२२ । चैत शुक्ल तृतीया । चौल्लाथ्व तृतीया ११४२ । सूर्योदय ५:५१ र सूर्यास्त ६:२२ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : प्रेममा विवाद आउनसक्नेछ | **तुला** | : नचिताएको काम सम्पन्न हुनेछ |
| **वृष** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ | **वृश्चिक** | : मिहिनेत अनुसारको नतिजा मिल्नेछ |
| **मिथुन** | : हाँसखेलमा दिन जानेछ | **धनु** | : स्वास्थ्यमा खराबी आउनेछ |
| **कर्कट** | : मनमा धेरै कुरा खेल्ने छन् | **मकर** | : शुभ कामको संकेत मिल्नेछ |
| **सिंह** | : रमाइलो यात्राको योग परेको छ | **कुम्भ** | : शरीरमा केही आलश्य हुनेछ |
| **कन्या** | : मन प्रसन्न रहनेछ | **मीन** | : सफलता मिल्न गाह्रो छ |

# निर्वाचनमा मिथ्या सूचनाको चुनौती



✍दीपक अधिकारी

**अमेरिकी अनुसन्धाता माइक कउलफिल्डले 'सिफ्ट' नामक विधिको विकास गरेका छन् । अर्थात् कुनै सामग्री देख्ने बित्तिकै शेयर गरिनहालौं, आफूलाई रोकौं । त्यसपछि आफैं त्यसको खोजी गरौं र त्यसमा गरिएका दाबी वा भनाइको मूल स्रोत पत्ता लगाऔं । उनका अनुसार यो विधि प्रयोग गरिएमा गलत र भ्रामक सामग्रीको शिकार हुनबाट बच्न सकिन्छ ।**




गुडिरहेको गाडिभित्र रहेका नेपाली कांग्रेसका महामन्त्री गगन थापालाई एक युवती (जसको आवाजमात्र सुनिन्छ) प्रश्न गर्छिन्, 'हजुरले आचार संहिता उल्लंघन गर्न पाउनुहुन्छ ? मलाई भन्नुस् । फोर्टी एट आवर्सदेखि आचारसंहिता उल्लंघन गर्न पाइँदैन भन्ने आइरछ न्युजहरुमा ।' दिक्क मानेजस्तो गर्दै थापा जवाफ दिन्छन्, 'ए बैनी, हे भगवान, मैले के पाउँछु, के पाउँदिन, राम्रोसँग थाहा छ । कस्तो डराएको तपाईंहरु ? नडराउनुस् ।' त्यसपछि गगन थापा मुर्दावाद भनी नारा लगाइएको सुनिन्छ ।

यो भिडियो क्लिप गत चैत पहिलो साता केही ट्वीटर र फेसबुक प्रयोगकर्ताले शेयर गरेका थिए । सो क्लिपसँगै यस्तो सामग्री पनि शेयर गरिएको थियो, 'गगन थापा उर्फ बाख्रा चोरलाई आज रामधुलाई सहित बाँदर लखेटेझैं लखेटियो । जनता अब जागिसक्यो । यसलाई जहाँ भेट्छ, त्यही ठोके हुन्छ ।'

उक्त भिडियो क्लिप चार वर्षअघिको भएको फेला परेको छ । २०७४ साल वैशाख ३० गते स्थानीय निर्वाचनको अघिल्लो दिन थापा काठमाडौं कपनस्थित एक आफन्तको घरबाट फर्किंदै थिए । त्यस क्रममा पार्टीहरुका सहकर्मीहरु भेटेपछि आफूमाथि आचार संहिता उलंघनको आरोप लागेका उनले त्यसपछिको एक भिडियो सन्देशमा बताएका थिए । बाटोमा एमाले समर्थक र कार्यकर्ताले नाराबाजी गरेको र स्थिति नभड्कियोस् भनेर आफू बाटो लागेको उनले बताएका थिए ।

चार वर्षअघिको भिडियो क्लिप आसन्न चुनाव अघि शेयर गरिनुले भ्रामक सूचना फैलाउन कुनै समूह वा व्यक्ति लागिरहेको प्रष्ट हुन्छ । कसरी फैलाइन्छ त इन्टरनेटमा भ्रम ? माथिको उदाहरणलाई केलाउँदा प्रष्ट हुन्छ, सन्दर्भ नखुलाइकन पुरानो फोटो/भिडियो अहिलेको झैं गरी शेयर गरिन्छ । यस्ता भिडियो/फोटो सामाजिक सञ्जाल प्रयोगकर्ताले छिटो शेयर गर्छन् । कतिपय अवस्थामा विपक्षी दललाई नराम्रो देखाउने सामग्री नियतवश फैलाइएको हुन्छ ।

मुलुक निर्वाचनमा होमिँदैरु गर्दा इन्टरनेटको माध्यमबाट फैलिने मिथ्या र भ्रामक सूचना ठूलो चुनौतीको रुपमा देखा परेको छ । आगामी चुनावमा सामाजिक सञ्जाल कसरी भ्रम फैलाउन प्रयोग गरिन सक्छन् भन्ने कुराको संकेत पनि माथि उल्लेखित भिडियो क्लिपको विश्लेषणबाट देखिन्छ । स्मार्टफोनको व्यापक प्रयोग र त्यसमार्फत इन्टरनेटमा ठूलो संख्या जोडिएकोले आउँदो निर्वाचनमा सामाजिक सञ्जालको बढी प्रयोग हुने निश्चित छ । त्यो किन पनि भने, कोरोना भाइरस फैलिएसँगै सामाजिक सञ्जाल सूचना र समाचारको प्रमुख माध्यम भएको छ । कोभिड सम्बन्धी कतिपय भ्रामक सूचनाका कारण मानिसको ज्यानसम्म जानसक्ने वा कोभिडबाट संक्रमण हुनसक्ने विभिन्न अध्ययनबाट देखिएको छ । अहिले कोरोनाको संक्रमण घट्दै गएको छ तर सामाजिक सञ्जालको प्रयोग गरी भ्रामक भ्रम फैलाएर दल वा उम्मेद्वारले मतदातालाई प्रभावित पार्नसक्ने टड्कारो सम्भावना छ ।

विगतका निर्वाचनमा प्रचारका परम्परागत तौर तरिका (जस्तै तुल, ब्यानर, आमसभा, घरदैलो कार्यक्रम) को प्रयोग बढी हुन्थ्यो भने आगामी चुनावमा अनलाइन र सामाजिक सञ्जाललाई प्रचार प्रसारका लागि प्रयोग गरिनेछ । आफ्नो प्रचार प्रसार गर्ने क्रममा दल र तिनका उम्मेदवारले गलत, भ्रामक र मिथ्या सूचना पनि फैलाउँछन् । मुलत: पाँच किसिमका समूहहरुले निर्वाचनको समयमा गलत र भ्रामक सूचना फैलाउने गरेको अमेरिकाको नेसनल डेमोक्रेटिक इन्स्टिच्युट, इन्टरनेसनल रिपब्लिकन इन्स्टिच्युट र स्ट्यानफोर्ड विश्वविद्यालयले गरेको एक अध्ययनमा उल्लेख छ । सन् २०२१ को सेप्टेम्बरमा प्रकाशित 'कम्ब्याटिङ इन्फर्मेसन म्यानिपुलेसन: अ प्लेबुक फर इलेक्सन्स एण्ड बियोण्ड' शीर्षकको सो अध्ययनले चुनावका दौरान राजनीतिक दलहरु, घृणा फैलाउने उग्र समूहहरु, सरकार, विदेशी शक्ति, दल आवद्ध वा निकट सञ्चारमाध्यम आदिले भ्रम फैलाउने जनाएको छ ।

यी सबैका आ-आफ्ना स्वार्थ हुन्छन् । सबैको उद्देश्य सूचना र समाचारलाई आफ्नो अनुकुल व्याख्या गर्ने, भइरहेका घटनाक्रमलाई आफ्नो पक्षमा पार्न कोसिस गर्ने र चुनावको परिणामलाई प्रभावित पार्ने हुन्छ । चुनाव अघि, चुनावका दौरान र चुनावपछि पनि भ्रामक र मिथ्या सूचना फैलिन्छन् ।

यस्ता गलत सूचनालाई खासगरी तीन तरिकाले वर्गीकरण गर्न सकिन्छ ।

**मिसइन्फर्मेसन: राम्रो उद्देश्यका साथ शेयर गरिएको गलत सामग्री**

यसमा खराब नियत वा कसैलाई हानि पुऱ्याउने उद्देश्य हुँदैन । यो सर्वसाधारणले बढी फैलाउँछन् । उदाहरणका लागि कोभिडको असर कम गर्ने कुनै घरेलु उपचार । यस्तो सामग्री राम्रो मनसाय राखेर शेयर गरिएको हुन्छ । तर त्यस्तो सूचनाका आधारमा कदम चालिनु हानिकारक हुनसक्छ किनभने यस्ता सामग्रीको प्रभावबारे अध्ययन अनुसन्धान गरिएको हुँदैन । यसमा आफूलाई मन परेर वा मन छुने भएकाले शेयर गरिएका फोटो, भिडियो वा मिम (हँसाउनका लागि बनाइएका इन्टरनेट सामग्री) आदि पर्दछन् । यसमा प्रयोगकर्ता झुक्किएको वा उसले गल्ती गरेको हुन्छ ।

**डिसइन्फर्मेसन: गलत उद्देश्यका साथ शेयर गरिएको सामग्री**

यसमा खराब नियत वा कसैलाई हानि पुऱ्याउने उद्देश्य हुन्छ । यसलाई संगठित समूह, सरकार वा राजनीतिक दलले बढी फैलाउँछन् । निर्वाचनको समयमा डिसइन्फर्मेसन बढी फैलिन सक्छ किनभने त्यसबेला राजनीतिक दल वा तिनका समर्थकले विरोधीलाई असक्षम वा कमजोर र आफू अब्बल देखाउने कोसिस गरिरहेका हुन्छन् ।

**मालइन्फर्मेसन: दुष्प्रचार अर्थात् सही सूचनालाई गलत उद्देश्यका साथ प्रयोग गर्ने**

उदाहरणका लागि विकिलिक्समा उपलब्ध सूचना सही हुनसक्छ तर त्यसलाई आफ्ना विपक्षीलाई नराम्रो देखाउन प्रयोग गरिन्छ । चुनावको समयमा यसको अधिक प्रयोग हुन्छ । चुनावका बेला बढी प्रयोग गरिने प्रपोगाण्डा पनि हो । प्रपोगाण्डा र डिसइन्फर्मेन उस्तै लागे पनि केही भिन्नता छन् । प्रपोगाण्डा कुनै निश्चित राजनीतिक विचार फैलाउन वा मानिसलाई त्यसमा मनाउन प्रयोग गरिन्छ भने डिसइन्फर्मेनमा नियतवश गलत सामग्री फैलाइएको हुन्छ ।

कसरी रोक्ने त सञ्चारमाध्यम र सामाजिक सञ्जालमा फैलिएको गलत/भ्रामक सूचनाको प्रदुषण ? यस्ता सामग्री फैलिनुको एउटा कारण सूचना/सञ्चार साक्षरता नहुनु हो । हामी हाम्रा साथीभाइ वा चिनेजानेको मान्छेले शेयर गरेको सामग्री गलत हुनसक्छ भन्ने विचारै नगरी फैलाउँछौं । सामाजिक सञ्जालको प्रविधि नै सूचना वा सामग्री शेयर गर्न प्राथमिकता दिने र प्रोत्साहित गर्ने भएकाले भ्रामक सामग्री फैलिन मद्दत पुऱ्याएको छ ।

यसको निराकरणका लागि अमेरिकी अनुसन्धाता माइक कउलफिल्डले 'सिफ्ट' नामक विधिको विकास गरेका छन् । अंग्रेजीको एस (स्टप), आई (इन्भेस्टिगेट द सोर्स), एफ (फाइन्ड बेटर कभरेज र टि (ट्रेस क्लेम्स, कोट्स एण्ड मिडिया टु ओरिजिनल कन्टेक्स्ट) । अर्थात् कुनै सामग्री देख्ने बित्तिकै शेयर गरिनहालौं, आफूलाई रोकौं । त्यसपछि आफैं त्यसको खोजी गरौं र त्यसमा गरिएका दाबी वा भनाइको मूल स्रोत पत्ता लगाऔं । उनका अनुसार यो विधि प्रयोग गरिएमा गलत र भ्रामक सामग्रीको शिकार हुनबाट बच्न सकिन्छ ।

यसबाहेक अर्को उपाय संस्थागत तथ्य जाँच हो । नेपालमा साउथ एसिया चेक र नेपाल फ्याक्टचेकले तथ्य जाँच गर्छन् । चुनावका बेला फैलिने भ्रामक वा मिथ्या सूचनाको अनुगमन गर्ने र सक्रियतापूर्वक तिनको तथ्य जाँच गरी सही सूचनाको सम्प्रेषण गर्नुपर्दछ ।

*(साभार: ई-कान्तिपुर)*

# प्रधानमन्त्रीको भारत भ्रमण र नेपालको अपेक्षा



✍श्रीमन नारायण

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा हाम्रा प्रधानमन्त्रीको भइरहेको भारत भ्रमणमा पूर्वाधार निर्माण, विकास परियोजना, कृषि, व्यापार, सीमा तथा जलस्रोतको बारेमा छलफल हुने सम्भावना छ । इतिहास, संस्कृति, परम्परा तथा धार्मिक समानता आदि कारणले पौराणिक कालदेखि नै नेपाल र भारतबीचको सम्बन्ध अटुट तथा अद्वितीय छ । कतिपय मुलकका सरकार-सरकारबीचको सम्बन्ध औपचारिकतामा सीमित हुने गर्दछ । तर, नेपाल एवं भारतबीचको यस परम्परागत बहुआयामिक सम्बन्धलाई प्रगाढता प्रदान गर्न समय-समयमा उच्चस्तरीय राजनीतिक भ्रमण पनि हुँदै आएका छन् । प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण पनि यसैको निरन्तरता हो ।

विश्वका प्राय: जसो देशमा कूटनीतिको सम्बन्धमा एउटा सर्वस्वीकार्य मान्यता रही आएको छ पहिले दुई देशसँग जोडिएको विषयमा सहमति बनाउने र त्यसपछि राजनीतिकरण गर्ने काम हुन्छ । तर, हाम्रो देशमा पहिले राजनीतिकरण गरिन्छ त्यसपछि सहमतिमा पुग्ने प्रयास गरिन्छ । भूगोलले पनि परराष्ट्रनीतिको निर्धारणमा ठूलो भूमिका खेलेको हुन्छ । भूगोलको सही ढंगले उपयोग गर्न सकिएन भने यो प्रत्युत्पादक पनि सावित हुन सक्दछ । भूगोल बोल्दैन, नत यसलाई परिवर्तन नै गर्न सकिन्छ । तसर्थ परराष्ट्रनीतिको सञ्चालनमा दायित्वबोध, दूरदर्शिता र कुटनीतिक परिपक्वताको प्रदर्शन हुनु आवश्यक हुन्छ ।

**सम्बन्ध सुधारका प्रयास**

गएको नोभेम्बरमा दुवै देशका प्रधानमन्त्री बीच संयुक्त राष्ट्रसंघको जलवायु सम्मेलनका बेला भेटवार्ता भएको थियो । प्रधानमन्त्री शेरबहादुर देउवा सत्तामा आएपछि निरन्तर रुपमा नै दुवै देश बीचको सम्वादले निरन्तरता पाएको छ । गएको अक्टोबरमा नेपाली कांग्रेसका सहायक महामन्त्री प्रकाश शरण महतको नेतृत्वमा नेपाली कांग्रेसको एक प्रतिनिधि मण्डलले भारतको भ्रमण गरेको थियो । प्रतिनिधि मण्डलले भारतका विदेशमन्त्री एस जयशंकर तथा सत्ताधारी भारतीय जनता पार्टीका अध्यक्ष जेपी नड्डासित भेटघाट गरेको थियो । भेटवार्ता मुलत: दुई पक्षीय सम्बन्धलाई बलियो बनाउने उद्देश्यले नै केन्द्रित थियो ।

दुई पक्षीय सम्बन्धलाई प्रगाढ बनाउने उद्देश्यले नै गएको चैत्रमा नेपाली कांग्रेसले भाजपाको विदेश मामिला विभाग प्रमुख विजय चौथाईवालेलाई नेपाल भ्रमणको निम्ति अगस्तमा निम्त्याएको थियो । त्यसको ठिक एक महिनापछि संयुक्त राष्ट्र संघको महासभामा पनि भारतीय विदेशमन्त्री एस. जयशंकर तथा नेपालका परराष्ट्रमन्त्री डा. नारायण खडका बीच न्युयोर्कमा भेटवार्ता भएको थियो । दुई पक्षीय सम्बन्धलाई अझ प्रगाढ बनाउने दिशामा भएको यो पनि एउटा सार्थक प्रयास नै थियो । दुई देश बीचको विशेष सम्बन्धलाई प्रगाढ बनाउनुको विकल्प पनि छैन ।

यसभन्दा अघिल्लो सरकारका प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारको पालामा नेपालको आन्तरिक राजनीतिमा चिनियाँ हस्तक्षेप बढेको तथा ओली सरकारका कतिपय निर्णय पनि सोही प्रकृतिका थिए । तत्कालीन सत्ताधारी नेकपाभित्रको अन्तरकलहका कारण र उत्तरी छिमेकीको प्रभावमा परेर नेपालले त्यतिबेला नयाँ नक्सा जारी गरेको थियो भन्ने चर्चा पनि नभएको होइन । नेपालका वामपन्थी राजनीतिक दलका अधिकांश नेता उत्तरी छिमेकीको प्रभावमै रहने गरेका छन् । सीमा विवादलाई समय-समयमा चर्चामा ल्याउने काम देशका कम्युनिष्ट नेताहरुबाट नै हुँदै आएको छ ।

दुई पक्षीय सम्बन्धलाई सामान्य बनाउने प्रयास ओली सरकारको पालामा पनि भएको थियो । जतिबेला भारतीय विदेश मामिलाका एक उच्च अधिकारीको नेपाल भ्रमण भएको थियो । लगत्तै नेपालका तत्कालीन विदेशमन्त्री प्रदिप ज्ञवालीको पनि भारत भ्रमण भएको थियो ।

भारतीय विदेशमन्त्री एस जयशंकरले पनि सन् २०१९ को अगस्तमा नेपाल भारत संयुक्त आयोगको बैठकमा भाग लिन काठमाडौं आएका थिए । सन् २०२० को नोभेम्बरमा भारतीय विदेश सचिव हर्षवर्द्धन श्रृंगला पनि काठमाडौं आएका थिए ।

ओली सरकारको पालामा दुई देशबीचको सम्बन्ध खासै सुमधुर नरहे पनि भारतले नेपाललाई कोरोना महामारीका बेला पनि निर्यातलाई रोकेको थिएन र खाद्यान्न, औषधि, फलफूल, तरकारी र इन्धनको आपूर्तिलाई सामान्य नै बनाएको थियो । सन् २०२१ को जनवरीमा भारतले कोरोना विरोधी कोभिसिल्ड खोपको सहयोग गरेको थियो ।

सन् २०१५ को अप्रिलमा आएको महाविनाशकारी भूकम्पका कारण नेपालका ९ हजार जतिले ज्यान गुमाएका थिए । जबकी २२ हजार जति घाइते भएका थिए । भारतले करिब ८२ करोड नेपाली रुपैयाँको सहयोग पुर्ननिर्माण कार्यका लागि दिएको थियो । भारतले ३० करोड ६६ लाख रुपैयाँको सहयोग भूकम्पका कारण क्षतिग्रस्त शैक्षिक प्रतिष्ठानको पुर्ननिर्माणको निम्ति पनि दिएको थियो ।

सत्ताधारी नेकपा भित्रको अन्तरकलहका कारण जब प्रधानमन्त्री केपी ओलीले प्रतिनिधि सभालाई विघटन गरेर चुनावको सिफारिस गरे अनि नेपालका ओली विरोधी राजनीतिक दलहरुले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा वैकल्पिक सरकारको गठन गरे । देउवा सरकारको पालामा नेपाल भारत सम्बन्ध निरन्तर रुपमा सुदृढ हुँदै गएको थियो । जतिबेला नेपालको संविधान २०७२ को निर्माण भइरहेको थियो । त्यतिबेला भारतले सबैपक्षलाई विश्वासमा लिएर व्यापक सहमतिमा संविधान बनाउन सुझाव दिएको थियो जबकी देशका वामपन्थी दलहरुले यसले हस्तक्षेपको संज्ञा दिएका थिए । जबकी देउवाले पनि संविधालाई अझ बढी लोकतान्त्रिक र सबैको स्वीकार्य बनाउन सहमतिमै संविधान जारी हुनुपर्ने धारणा राखेका थिए ।

सन् २०२१ को अन्तमा एउटा सुखद उपलब्धिसहित सम्पन्न भ्रमणपछि भारतका विदेशमन्त्री एस जयशंकरले नुवाकोट र गोरखाका भूकम्प पीडितको निम्ति ५० हजार घर तयारी भएको घोषणा नेपालद्वारा आयोजित पुर्ननिर्माण सम्बन्धि एउटा अन्तर्राष्ट्रिय सम्मेलनमा गरेका थिए । साथै उनले नेपालको आवश्यकता बमोजिम भारत सहयोग गर्न सधैं नै तयार रहेको जानकारी गराएका थिए । भारतीय सेनाका प्रमुख जनरल मनोज मुकुन्द नरवणेको मैत्रीपूर्ण निमन्त्रणमा नेपालका प्रधानसेनापति प्रभुराम शर्मा ४ दिने भारत भ्रमणमा गएका थिए । भारतमा उनलाई भारतका राष्ट्रपति महामहिम रामनाथ कोबिन्दबाट भारतीय सेनाको मानार्थ सेना प्रमुखको पदबाट विभुषित गरिएको थियो । यो हाम्रो परम्पराको निरन्तरता हो । उनको भ्रमणले पनि दुई पक्षीय सम्बन्धलाई बलियो बनाउने काम गरेको थियो ।

**परस्पर विश्वासको खाँचो**

परराष्ट्र मामिला सञ्चालनमा अघि बढ्दा, देखावटीपन, अतिउत्साह र अतिनिराशा जोखिमपूर्ण हुने गर्दछ । नेपाल र भारत परम्परागत छिमेकी राष्ट्र हुन् । खुला सीमा, धार्मिक, सांस्कृतिक, राजनीतिक, र आर्थिक सम्बन्धले हामीबीचको मित्रतालाई अझ प्रगाढ बनाएको छ । अर्को शब्दमा भन्नुपर्दा यी दुई देशबीचको भौगोलिक सन्निकटता, आर्थिक अन्तर सम्बन्ध र सामाजिक-सांस्कृतिक आदानप्रदान आदिका कारण यो सम्बन्ध राज्यस्तरमा मात्रै सीमित नरही जनस्तरमासमेत गहिरो र फराकिलो छ ।

नेपाल र भारतबीचको कूटनीतिक सम्बन्ध कायम भएको सात दशक बितिसकेको छ तर यस लामो अवधिको सदुपयोग राष्ट्र र जनताको हितमा गर्न सकिएन, जबकी यस अवधिमा त संसारका धेरै देश विकसित पनि भइसके । भारतसित नेपालको सम्बन्ध कहिल्यै खराब भएन तर धेरै राम्रो पनि रहेन । यसअघिको ओली सरकारको पालामा दुई पक्षीय सम्बन्धमा केही चिसोपना अवश्य पनि आएको थियो ।

*(बाँकी पृष्ठ-३ मा...)*

# प्रधानमन्त्रीको भारत भ्रमण...

तर, विस्तारै-विस्तारै अब यो पहिलेकै र सकारात्मक दिशामा फर्किन थालेको छ । हुन पनि नेपाल-भारतबीच परस्पर अन्तरनिर्भरता, विश्वास तथा पारस्परिक लाभमा आधारित सम्बन्धको विकल्प छैन ।

नेपाल एवं भारतबीच कतिपय कुरामा समानता रहेको भए पनि आर्थिक प्रगतिको मामिलामा भारत नेपालभन्दा किन र कसरी अगाडि बढ्यो भन्ने विषयमा हामीले गम्भीर चिन्तन गर्नु आवश्यक छ । भारतसँग रहेको परम्परागत बहुआयामिक सम्बन्धलाई नेपाली जनताको हितमा सदुपयोग गर्न सक्नु पर्दछ । परस्पर विश्वासमा आधारित सम्बन्धले देशको भलो नै गर्नेछ ।

अहिले नेपाल एवं भारत बीचको सन् १९५० को शान्ति एवं मैत्री सम्बन्धलाई समीक्षा गर्ने काम भइरहेको छ । इतिहासको समीक्षा गर्ने कामलाई गलत भन्न मिल्दैन । तर, आशंका उत्पन्न हुने बित्तिकै संवादको संस्कृति विकसित गरी यसलाई निर्मूल पार्ने काम हुनुपर्दछ । नेपालले भारतबाट तथा भारतले नेपालबाट अपेक्षा राख्नु स्वाभाविक हो । सन् १९५० को शान्ति एवं मैत्री सन्धिका सकारात्मक पक्षबारे कहिल्यै चर्चा हुँदैन । भारतीय सेनामा कार्यरत र त्यहाँबाट अवकाशप्राप्त गरिसकेका भूतपूर्व गोरखा सैनिकहरू, लाखौंको संख्यामा असंगठित रूपमा भारतका विभिन्न सहरमा काम गरि रहेका नेपाली नागरिक तथा दैनिक उपभोग्य वस्तुको खरिद बिक्रीलगायत विभिन्न प्रयोजनले भारत-नेपालबीच आउजाउ गर्ने नागरिकको मनसायलाई बुझेर भरसक यस सम्बन्धको समीक्षा गर्ने काम भएको भए सत्यको नजिक पुग्न सकिन्थ्यो । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पनि आफ्नो ५ वर्षको पहिलो कार्यकालमा चारपटक नेपालको भ्रमण गरे । नेपालप्रति उनको विशेष आत्मियताकै कारण यस्तो भएको हो ।

दुई देशको सम्बन्धमा विभिन्न आयामहरु जोडिएका हुन्छन्, कुनै एउटै विषयलाई आधार बनाएर परराष्ट्र सम्बन्धको निर्धारण हुन सक्दैन । कहिलेकाहीं केही लिने र दिने अवस्था पनि आउँछ । दक्षिण छिमेकी भारतसितको बहुआयामिक सम्बन्धलाई लेनदेनको आधारमा मात्र परिभाषित गर्न सकिदैन । न त यसलाई राजनीतिक दलको आधारमा परिभाषित गर्न सकिन्छ । भारत विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक देश हो । यहाँको संविधान निकै सफल, लचिलो र अग्रगामी छ । भारतको सैंयता, लोकतन्त्र र गणतन्त्रबाट धेरै कुरा सिक्न सकिन्छ । सामाजिक न्याय र लोक कल्याणका क्षेत्रमा यसले गरेका निर्णय साथै ज्ञान, विज्ञान, कला, साहित्य र सूचना प्रविधिको क्षेत्रमा यसले गरेको प्रगति हाम्रो लागि पनि प्रेरणाको स्रोत हुनसक्छ ।

नेपाल र भारतबीच विद्युत् व्यापार एवं विद्युत् विकास सम्झौता भएपछि बिजुली खरिद-बिक्री सहज हुन थालेकोले अब नेपालले आफ्नो बढी उत्पादित बिजुलीलाई भारतमा निर्यात पनि गर्न सक्दछ । नेपाल-भारत दुईपक्षीय व्यापारमा नेपालको निर्यातलाई अझ बढी कसरी बढाउन सकिन्छ भने विषयमा पनि प्रधानमन्त्री देउवाको भारत भ्रमणमा चर्चा हुन सक्दछ । रक्सौल-काठमाडौं रेलमार्ग तथा तराईमा पूर्व-पश्चिम रेलमार्गको निर्माणको विषयमा पनि चर्चा हुन सक्दछ । प्रधानमन्त्रीको भारत भ्रमणमा दुवै देशका प्रधानमन्त्रीले भर्चुअल माध्यमबाट जयनगर-जनकपुर ब्रोडगेज रेलसेवाको सञ्चालन उद्घाटन गर्नु हुनेछ ।

भारतीय लगानीकर्तालाई नेपालमा लगानीको निम्ति आग्रह पनि गरिनेछ । नेपाल र भारत बीचको सिमाना क्षेत्रमा ९८ प्रतिशत ठाउँका वैज्ञानिकप्रविधिमार्फत् सीमा स्तम्भ गाड्ने काम भइसकेको छ । नदीको कटानका कारण उत्पन्न समस्या र नयाँ नक्शाले सिर्जित विषयलाई पनि ऐतिहासिक प्रमाण तथ्यको आधारमा समाधान गर्न सकिन्छ तर यसलाई सडक र सदनको विषय बनाइनु हुँदैन । यसबाहेक पनि दुई पक्षीय हितसित सम्बन्धित विभिन्न विषयमा छलफल र सहमति हुन सक्ने सम्भावना रहेको छ । प्रधानमन्त्री देउवाको भारत भ्रमणले हाम्रा दुई पक्षीय सम्बन्धलाई बलियो बनाउने अपेक्षा गर्न सकिन्छ ।

*(साभार: खबरहब)*

# नोबेल मेडिकल कलेजका डाक्टर यादव मृत फेला



मोरङ/विराटनगरस्थित नोबेल मेडिकल कलेजमा कार्यरत डाक्टर विजय यादव शनिबार बिहान मृत फेला परेका छन् ।

शुक्रबार दिनभर स्वास्थ्य शिविरमा खटेका उनी बिहान मृत फेला परेका हुन् । डाक्टर विजय मोरङको कटहरी-३ मा आयोजित स्वास्थ्य शिविरमा खटिएका थिए । शिविर सम्पन्न भएपछि राती साथी भाइसँगै खानपान गरेर डेरातिर लागेका उनी आफू बस्ने घरको गेटैमा बिहान मृत फेला परेका हुन् ।

'दिनभरी स्वास्थ्य जाँच गरेपछि उनीसहित अस्पतालका चिकित्सकको टोली ५ बजे हस्पिटल आएको थियो,' नोबेल अस्पतालका निर्देशक नारायण दाहालले भने । मृत फेला परेका यादव अस्पतालदेखि करिब २ सय मिटर पूर्व प्रेम बस्नेतको घरमा बस्थे । सप्तरीको विष्णुपुर गाउँपालिका-१ घर भएका अन्दाजी २८ वर्षीय डा. यादव विगत ४ वर्षदेखि नोबेलमा हाडजोर्नी तथा नशा रोग विभागमा कार्यरत थिए । उनी बंगलादेशबाट एमबीबीएस गरेर आएका हुन् ।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी दीपक श्रेष्ठका अनुसार शव नजिक लाइटर र दुई वटा लेडिज जुत्ता रहेको छ । 'डेरा बसेको घरको कम्पाउण्डभित्र चिकित्सक मृत फेला परेको जानकारी बिहान आएको हो,' उनले भने, 'तत्काल प्रहरी परिचालन गरेर घटनाका बारेमा अनुसन्धान थालिएको छ ।'

शव भेटिएको स्थानदेखि करिब एकसय मिटर पश्चिम नहर छेउ, नोबल हस्पिटलको गेट लगायतका विभिन्न स्थानमा पनि रगत देखिएको छ । घटनास्थलमा मोरङ प्रहरी र प्रदेश प्रहरी कार्यालय विराटनगरको टोली पुगेर घटनाको अनुसन्धान सुरु गरेको छ । प्रहरीले तालिमप्राप्त कुकुरलाई पनि ल्याएर घटनाको अनुसन्धान सुरु गरेको डिएसपी श्रेष्ठले बताए ।

मृतकका आफन्तहरूले नियोजित रूपमा हत्या भएको भन्दै घटनाको निष्पक्ष छानविन गरि सत्यतथ्य बाहिर ल्याउनुपर्ने माग राखेका छन् ।

'भान्जाको नियोजित तरि काले हत्या गरेर डेरा नजिक ल्याएर फालेको हुनसक्छ,' मृतकका मामा उपेन्द्र यादवले भने, 'घटनास्थल अर्कै तिर भएको हामीले आशांका गरेका छौं । घटनाको गहन रूपमा अनुसन्धार गरि सत्यतथ्य बाहिर ल्याएर दोषिलाई कारवाहीको दायारामा ल्याउनुपर्दछ ।'

शनिबार राती डा.विजय यादव दुईजना साथीहरूसँग अवेर रातीसम्म होटलमा रमाइलो गरेको खुलेको छ । उनी र उनका साथीहरूसँग विराटनगरको एयरपोर्ट रोडमा रहेको एक होटलमा राती ११ बजेसम्म बसेका थिए । डा.यादव सहित तीन जना साथीहरू अवेर रातीसम्म बसेर बियर खाएका थिए । तीन जनाले ६ वटा वियर खाएको बताएका छन् ।

त्यसपछि एउटा स्कुटीमा तीनजना बसेर डा.यादवलाई पुर्याउन डेरा गएको देखिएको छ । प्रहरीले होटलमा सँगै बसेर रमाइलो गर्ने दुईजना साथीहरूलाई सोधपुछको लागि मोरङ प्रहरीमा ल्याएको छ ।

# सानेको 'सिटामोल'मा सौगात र बेनिशा



काठमाडौं/फिल्म 'झ्यानाकुटी'मा अभिनेता सौगात मल्ल र अभिनेत्री बेनिशा हमालले पहिलो पटक एकसाथ काम गरेका थिए ।

फिल्ममा झगडिया श्रीमान्-श्रीमतीको भूमिकामा अभिनय गरेका उनीहरुको केमेस्ट्रीलाई दर्शकहरुले रुचाएका थिए । यो फिल्मको सिक्वेलमा फेरि उनीहरु दोहोरिन लागेको चर्चा पनि चलेको थियो । तर, अब 'झ्यानाकुटी २' निर्माण हुने वा नहुनेमै अन्योल देखिएको छ ।

यसबीच, सौगात र बेनिशाले एक नयाँ फिल्ममा भने एकसाथ काम गर्ने भएका छन् । 'वृन्दावन', 'वीर गना', 'डोली', 'गूड फ्रेन्ड' जस्ता फिल्मको निर्देशन गरिसकेका राजबहादुर सानेको निर्देशनमा बन्न लागेको फिल्म 'सिटामोल'मा उनीहरुले एकसाथ काम गर्न लागेका हुन् । सौगात मल्लको समय मिलेको खण्डमा जेठ अन्तिमबाट फिल्मको छायांकन सुरु गर्ने तयारीमा निर्देशक साने छन् ।

सौगातले पहिलो लकडाउनमै यो फिल्म साइन गरेका थिए । फिल्ममा बेनिशा भित्रिएको भने दुई महिना भएको छ । कोरोनाका कारण दुई वर्ष छायांकनमा जान नसकेको फिल्म यतिबेला सौगातको व्यस्तताले छायांकनमा ढिलाई भएको छ । चैत अन्तिमबाट उनी फिल्म 'दुई नम्बरी'को छायांकनमा व्यस्त हुँदैछन् । यसपछिको समय भने निर्देशक सानेले 'सिटामोल'का लागि मागेका छन् ।

फिल्मको कथा साने स्वयंको हो भने पटकथा प्रदीप भारद्वाजले तयार पारेका छन् । निर्देशक सानेले फिल्मको बारेमा भने- 'नामले नै फिल्मको थिम प्रस्ट्याउँछ । फिल्मले नेपाली समाजमा घटिरहेको वास्तविक घटनालाई नै भन्नेछ । हरेक मानिस विभिन्न पीडामा हुन्छन्, त्यसलाई निको पार्ने सिटामोलको रुपमा फिल्म बन्नेछ ।' 'सिटामोल' आफ्नो करिअरकै उत्कृष्ट फिल्म बन्ने उनको दाबी छ । *-एजेन्सी*

# 'आरआरआर'को दबदबाबीच प्रदर्शनमा उत्रियो 'हेल्लो जिन्दगी'



काठमाडौं/गत शुक्रवारबाट प्रदर्शनमा आएको साउथको महंगो फिल्म 'आरआरआर'ले नेपालमा आफ्नो पकड बनाइराखेको छ ।

पहिलो हप्ता हरेक मल्टीप्लेक्सहरुमा सर्वाधिक शोजका साथ हाउसफुल व्यापार गरेको फिल्मले दोस्रो हप्तामा पनि उल्लेख्य संख्यामा शो पाएको छ । यसबीच, शुक्रवारबाट 'आरआरआर'लाई चुनौती दिन नेपाली फिल्म 'हेल्लो जिन्दगी' प्रदर्शनमा उत्रिएको छ ।

'आरआरआर'का कारण मल्टीप्लेक्समा कमजोर शो पाएको फिल्मले सिंगल थिएटर भने अधिकांश आफ्नो कब्जामा पारेको छ । यसअघि यो फिल्म चैत ११ गतेबाट प्रदर्शनमा आउने तयारीमा थियो । 'आरआरआर'कै कारण एक हप्ता पछाडि सरेको फिल्मलाई एभरेष्ट सूर्य बोहोराले निर्देशन गरेका हुन् । त्रिकोणात्मक प्रेमकथामा बनेको फिल्मलाई वास्तविक घटनाबाट प्रभावित भनिएको छ ।

निर्देशक बोहराकै लेखन रहेको फिल्ममा विक्रम डि जोशी, दीपिका प्रसाईं, प्रियंका कार्की, विल्सन बिक्रम राई, बिक्रान्त बस्नेत, एभरेष्ट सूर्य बोहरा, सबिता गुरुङ, सनमकुमार बैराग, बिभिया श्रेष्ठ, जानकी पन्त, ध्रुव दत्त, कुमुद पन्तलगायतका कलाकारहरुको अभिनय रहेको छ । कोभिडको समयमा नेपाल र बेलायतमा छायांकन भएको फिल्म २ करोडको लागतमा निर्माण भएको हो ।

नायक समेत रहेका विक्रम डि जोशी फिल्मको निर्मातामा छन् भने हिराल जोशीले निर्माणमा साथ दिएकी छन् । त्यस्तै, कार्यकारी निर्मातामा सृजना जोशी महर्जन र सह-निर्मात्रीमा सबिता गुरुङ छिन् । फिल्मको कथा लेखनमा निर्देशक बोहरालाई विक्रमले सघाएका छन् । पटकथा तथा संवाद भने बोहरा र अभिमन्यु निरवीले लेखेका हुन् । फिल्मलाई पुरुषोत्तम प्रधानले खिचेका हुन् । *-एजेन्सी*

# 'आरआरआर'को कमाई ७ सय करोड नाघ्यो



मुम्बई/गत हप्ता प्रदर्शनमा आएको एसएस राजामौली निर्देशित साउथ इन्डियन फिल्म 'आरआर आर'को कमाईको रफ्तार अझै रोकिने छाँटकाँट देखिएको छैन ।

फिल्मले भारतमा मात्र नभइ विश्वभर आक्रामक कमाई गरिरहेको छ । हिन्दी भर्सनमा मात्र प्रदर्शनको ७ दिनमा १ सय ३० करोडमाथिको कमाई गरिसकेको फिल्मले विश्वभरबाट ७ सय करोडको आँकडा पार गर्न सफल भएको छ ।

५ सय ५० करोडको लागतमा निर्माण भएको फिल्मले प्रदर्शनको सात दिनमा विश्वभरबाट ७ सय ९ करोड ३६ लाखको व्यापार गरेको ट्रेड एनालिस्ट मनोबाला विजयबालनले ट्विटरमार्फत् जानकारी दिएका छन् । फिल्मले पहिलो दिन विश्वभर २ सय ५७ करोड १५ करोडको सानदार ओपनिङ गरेको थियो । सोमवार बाट भने फिल्मको वर्ल्ड वाइड कलेक्सनमा गिरावट आएको छ ।

फिल्मको लाइफटाइम बिजनेस १५ सय करोड करोड पुग्ने अनुमान गरिएको छ । यो फिल्मले एसएस राजामौलीको अघिल्लो फिल्म 'बाहुबली २' को लाइफटाइम कलेक्सनलाई समेत उछिन्ने देखिन्छ ।

भारतमा अहिलेसम्म सबैभन्दा बढी कमाई गर्ने टप ५ फिल्मको लिस्टमा दोस्रो स्थान बनाएको 'आरआरआर'ले नेपालमा मात्रै पहिलो हप्ता ४ करोडमाथिको कलेक्सन गरेको जानकारी प्राप्त छ ।

हिन्दी, तमिल, तेलुगू, कन्नड र मलयालम भाषामा एकसाथ रिलिज भएको यस फिल्ममा साउथ सुपरस्टार राम चरण र एनटीआर जूनियरका अलावा बलिउडको प्रतिनिधित्व गर्दै अजय देवगन र आलिया भट्टले अभिनय गरेका छन् । तेलुगू फ्रिडम फाइटर अल्लूरी सीताराम राजु र कोमाराम भीममाथि आधारित फिल्मको एक्सन र छायांकन पक्षलाई दर्शकहरुले निकै रुचाएका छन् । *एजेन्सी*

# स्वस्तिमाले किन छाडिन् 'पल्पसा क्याफे' ?



काठमाडौं/अभिनेत्री स्वस्तिमा खड्का पहिलो पटक नाटकमा अभिनय गर्ने तयारीमा थिइन् ।

'पल्पसा क्याफे' पुस्तकमाथि मञ्चन हुन लागेको नाटकमा उनको अभिनय रहने गरी गत वर्ष राजधानीमा एक कार्यक्रमका बीच नाटकको घोषणा गरिएको थियो । कोरोनाका कारण एक वर्ष रोकिएको नाटक अब आउँदो बैशाख ९ गतेबाट मञ्चन हुँदैछ तर स्वस्तिमाले भने नाटकबाट हात झिकेकी छन् ।

समय अभावका कारण स्वस्तिमाले नाटकमा अभिनय गर्न नसकेको निर्देशक विमल सुवेदीले जानकारी दिए । उनी बाहिरिएसँगै नाटक 'पल्पसा क्याफे'मा अभिनेत्री सृष्टि श्रेष्ठको प्रवेश भएको छ ।

अब उनले नाटकमा पल्पसाको भूमिका निर्वाहा गर्नेछन् । थिएटर भिलेजको नाटक थापा गाउँस्थित मण्डला थिएटरमा वैशाख महिनाभर मञ्चन हुने सह-निर्देशक दीलिप रानाभाटले बताए ।

सुरज सुवेदीले नाट्य रुपान्तरण गरेको नाटकमा दृश्यको भूमिकामा नाटक निर्देशक विमल सुवेदी आफैंले अभिनय गर्ने भएका छन् । अर्का प्रमुख पात्र सिद्धार्थको भूमिका भने दिपेश राईले निभाउँदै छन् । कोरोना महामारीका कारण नाटक पटक-पटक सरेकाले नयाँ-नयाँ कलाकारहरूलाई जुटाउन धेरै समस्या भएको कास्टिक डिरेक्टर तथा सह-निर्देशक दीलिप रानाभाटले जानकारी दिए ।

हालै प्रदर्शनमा आएको फिल्म 'चिसो एष्ट्रे'बाट अभिनयको प्रशंसा बटुलेकी सृष्टिले यसअघि पनि नाटकको अनुभव लिइसकेकी छन् । उनले थिएटर भिलेजकै 'ह्याम्लेट' नाटकमा अभिनय गरेकी थिइन् ।

नाटक 'पल्पसा क्याफे'मा दिपेश राई, संगीता थापा, पूर्णिमा आचार्य, बच्चु हिमांशु, सरगम राई, ङिमा शेर्पा, जेनी सुनुवार, चक्र पुलामी, श्रवण सिंह राना लगायतको पनि अभिनय रहनेछ ।

## त्रिकोणात्मक टी-ट्वान्टी

# नेपाल अपराजित रहँदै फाइनलमा

## उपाधिका लागि पीएनजीसँग खेल्ने



काठमाडौं/दिपेन्द्रसिंह ऐरीको शतकको सहयोगमा नेपालले त्रिकोणात्मक टी-ट्वान्टी अन्तर्राष्ट्रिय सिरिजमा सहज जित निकालेको छ ।

शनिबार भएको खेलमा नेपालले मलेसियामाथि ८५ रनको फराकिलो जित निकालेको हो । पराजित भएसँगै मलेसिया प्रतियोगिता बाट बाहिरिएको छ । मलेसिया बाहिरिएसँगै पपुवा न्युगिनी फाइनलमा प्रवेश गरेको छ ।

दुबै टोलीको समान अंक भएपनि रन रेटको आधारमा पीएनजी फाइनलमा पुगेको हो । त्रिवि क्रिकेट मैदानमा नेपालले दिएको २२४ रनको लक्ष्य पछ्याएको मलेसियाले निर्धारित १९ ओभर ५ बलमा सम्पूर्ण विकेट गुमाएर मात्र १३८ रन बनायो ।

मलेसियाले पहिलो ओभरको अन्तिम बलमा आफ्नो पहिलो विकेट गुमायो । मलेसियाका जुबैदी जुल्कीलेलाई कमलसिंह ऐरीले खाता नखोल्दै क्याच आउट गराए । मलेसियाले छैटौं ओभरको चौथो बलमा आफ्नो दोस्रो विकेट गुमायो । मलेसियाका विरन्दीप सिंहलाई कमलले ४७ रनमा क्याच आउट गराए ।

१०औं ओभरमो चौथो बलमा नेपालका लागि सन्दीप लामिछानेले तेस्रो सफलता दिलाए । उनले सायद अजिजलाई १७ रनमा क्याच आउट गराए ।

मलेसियाले ११औं ओभरको पाँचौं बलमा आफ्नो चौथो विकेट गुमायो । मलेसियाका सार्विन मुनियाद १ रन बनाएर आउट भए । १३औं ओभरको दोस्रो बलमा मलेसियाले आफ्नो पाँचौं विकेट गुमायो । मलेसियाका कप्तान अहमेद फैजलाई ३३ रनमा सन्दीप लामिछानेले क्याच आउट गराए ।

१५औं ओभरको चौथो र पाँचौं बलमा मलेसियाले लगातार दुई विकेट गुमायो । मलेसियाका मोहम्द आमिर १ रन र मोहम्द साहायदत्त ८ रन बनाएर क्याच आउट भए । दुबै विकेट दिपेन्द्रले लिएका हुन् ।

मलेसियाले १६औं ओभरको अन्तिम बलमा आफ्नो आठौं विकेट गुमायो । सायजरुल इदरुसलाई खाता खोल्न नपाउँदै सन्दीपले कट एण्ड बोल्ड आउट गरे ।

१९औं ओभरको पहिलो बलमा कुशल भुर्तेलले नेपालका लागि नवौं सफलता दिलाए । उनले अनिनोल हाफिजलाई क्यच आउट गराए । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर २२३ रन बनायो ।

नेपालका लागि दिपेन्द्र सिंह ऐरीले शतकीय पारी खेले । ५७ बल खेलेका उनले १० चौका र ६ छक्काको सहयोगमा नट आउट ११० रन बनाए । दिपेन्द्रको यो टी-ट्वान्टी अन्तर्राष्ट्रिय पहिलो शतक हो ।

नेपालका लागि टी-ट्वान्टी अन्तर्राष्ट्रियमा उनलको चौथो शतक हो ।

नेपालका लागि रोहित कुमार पौड्यलले ५१ रनको अर्धशतकीय पारी खेलेका थिए । ३४ बल खेलेका उनले ५ चौका प्रहार गरे । रोहितलाई मोहमद आमिरले क्याच आउट गराए ।

रोहितको टी-ट्वान्टी अन्तर्राष्ट्रियमा यो पहिलो अर्धशतक हो । नेपालका आदिल अन्सारीले १४ रनको योगदान गरे । आदिल रन आउट भए ।

यसअघि ननेपालले आरिफ शेख चौथो विकेटको रुपमा पेवेलियन फर्किए । उनलाई सायजरुल इदुरुसले बोल्ड आउट गराएका थिए ।

तेस्रो ओभरको तेस्रो बलमा आफ्नो पहिलो विकेट गुमायो । नेपालका ओपनर कुशल भुर्तेललाई मलेसियाका मोहम्द वाफिकले १२ रनमा एलबीडब्लू आउट गराए ।

नेपालले चौथो ओभरको दोस्रो बलमा आफ्नो दोस्रो विकेग गुमायो । नेपालका आसिफ शेखलाई पवनदीप सिंहले १८ रनमा क्याच आउट गराए ।

जितसँगै नेपालले ४ खेलबाट ८ अंक जोडेर अपराजित हुँदै फाइनलपुगेको हो । यता मलेसिया भने प्रतियोगिताबाट बाहिरिएको छ । अब पीएनजी र नेपालबीचको फाइनल खेल सोमबार त्रिवि क्रिकेट मैदानमा मध्यान्ह १२:३० मा हुनेछ । *(स्रोत: रातोपाटी)*

## विश्वकप फुटबल :

# उद्घाटन खेलमा कतार र इक्वेडर भिड्ने




काठमाडौं/फिफा विश्वकप फुटबलको उद्घाटन खेलमा आयोजक कतार र इक्वेडरबीच प्रतिस्पर्धा हुने भएको छ । कतारमा आयोजना हुने प्रतियोगितामा पहिलो खेलमा आयोजकले इक्वेडरलाई प्रतिद्वन्द्वी पाएको हो ।

फिफाले शुक्रबार सार्वजनिक गरेको समूह विभाजन अनुसार उद्घाटन खेलमा कतारले इक्वेडरसँग खेल्ने भएको छ । कतार र इक्वेडर बीच नोभेम्बर २१ मा हुने उद्घाटन खेल अल बायत स्टेडियममा हुनेछ । दुई टोलीबीचको खेल नेपाली समय अनुसार ४ बजे सुरु हुनेछ ।

पहिलो दिन थप तीन खेलहरु हुनेछन् । जसमा सेनेगलले नेदरल्यान्ड्ससँग प्रतिस्पर्धा गर्नेछ । त्यस्तै समूह 'बी'का दुई खेल हुनेछन् । जसमा इङ्ल्यान्डले इरानसँग खेल्दा यूएसएले स्कटल्यान्ड/वेल्स र युक्रेनमध्य विश्वकपमा छनोट हुने टोलीसँग खेल्नेछ ।

कतार विश्वकप आगामी नोभम्बर २१ देखि डिसेम्बर १८ सम्म आयोजना हुनेछ । कतार विश्वकपमा ३२ टोलीको सहभागिता रहने छ । *-एजेन्सी*

# सोमबारदेखि जेष्ठ ब्याडमिन्टन प्रतियोगिता हुने

काठमाडौं/नेपालमा ब्याडमिन्टन ब्याडमिन्टन संघको प्राविधिक सहयोग तथा जेष्ट ब्याडमिन्टन एकेडेमीको आयोजनामा योनेक्स सनराइज राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगिता सोमबार देखि हुने भएको छ । प्रतियोगितामा देशभरका विभिन्न जिल्ला क्लब तथा तीन विभागीय टोली नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको एपिएफ क्लब गरि करिव ३०० खेलाडीहरुको सहभागिता रहने जेष्ट एकेडेमीले जनाएको छ ।

प्रतियोगितामा पुरुष एकल (खुला, महिला एकल (खुला), पुरुष युगल उच्च एकल २० (वरियता बाहेक), पुरुष युगल (लेबल सी), यु १७ पुरुष, यु १७ महिला, मास्टर्स खुला ३५ वर्ष माथि, मास्टस खुला ४५ वर्ष माथि र मास्टर्स खुला ५५ बर्ष माथि गरि कुल ९ विधामा प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिता बसुन्धारास्थित एकेडमीका आफ्न कभर्डहलमा सञ्चालन हुनेछ । प्रतियोगिता विश्व ब्याडमिन्टन महासंघ तथा नेपाल ब्याडमिन्टन संघको नियमानुसार नेपाली राष्ट्रिय रोफ तथा अम्पायरहरुबाट खेलाइने आयोजकले जनाएको छ ।

एकेडेमीले सुरुवाती दिनमा ब्याडमिन्टन खेलको विकास र विस्तारका साथै राष्ट्रका दुर दराजमा रहेका सुविधाबाट वञ्चित खेलाडीहरुलाई क्षात्रावास सहित न्यूनतम शुल्कमा प्रशिक्षण प्रदान गरि स्वस्थ तथा स्तरीय नागरिक उत्पादन गर्ने उद्देश्य राख्दै आफुलाई अग्रसर बनाएको थियो ।

खेलाडीहरुको स्तर मापन गर्ने उद्देश्यले २०७३ सालमा 'प्रथम जेष्ट राष्ट्रिय स्तरको ब्याडमिन्टन प्रतियोगिता' सुरु गरेको थियो । पहिलो संस्करणको सफलताबाट उत्साहित भएको एकेडेमीले प्रतियोगितालाई निरन्तरता प्रदान गर्ने निर्णय बमोजिम २०७४ सालमा दोश्रो संस्करण र २०७५ सालमा तेश्रो संस्करणलाई पनि सफलता पूर्वक सम्पन्न गयो ।

प्रतियोगितालाई प्रत्येक वर्ष आयोजना गर्ने चाहना भएतापनि विश्वमा देखिएको कोभिड १९ को महामारीका कारण सबै क्षेत्र जस्तै यस एकेडेमीको कार्यक्रमहरु पनि प्रभावित हुने भई चौथो संस्करणलाई समयमै सञ्चालन गर्न नसकेको एकेडेमीले जनाएको छ । *(स्रोत: रातोपाटी)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# 'पत्रकारिताकै बलमा संघीय लोकतान्त्रिक गणतन्त्र पायौं'-प्रदेश प्रमुख शर्मा

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले पत्रकारिताकै बलमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित गर्न सकिएको धारणा राखेका छन् ।

शर्माले पत्रकारिताको माध्यमबाट मुलुकमा ठूला राजनीतिक परिवर्तन सम्भव भएको भन्दै संघीय लोकतान्त्रिक गणतन्त्र पनि यसकै बलमा प्राप्त भएको बताएका हुन् । शनिबार हेटौंडामा तु खबर डटकमको पाँचौं वार्षिक साधारणसभा तथा पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै प्रदेश प्रमुख शर्माले पत्रकारिता क्षेत्रलाई थप मर्यादित बनाउँदै लैजानु पर्नेमा जोड दिए ।

लेखक तथा राजनीतिक विश्लेषकसमेत रहेका शर्माले सशक्त पत्रकारिता नै समाज परिवर्तनको सम्वाहक रहेको औंल्याएका छन् । सञ्चार माध्यमहरुले नागरिकहरुको सुसूचित हुने अधिकारको प्रबर्द्धन गरिरहेको उनले बताए । 'आगामी दिनमा थप सशक्त र जनताप्रति जवाफदेहीपूर्ण ढंगबाट सञ्चार क्षेत्र अघि बढ्नुपर्छ । परिवर्तनको सम्बाहकका रुपमा स्थागित हुनुपर्छ', शर्माले भने ।

प्रदेश प्रमुख शर्माले पत्रकारिता क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत गर्नुपर्नेमा जोड दिएका छन् । समाजमा विद्यमान, कुरीति, कुसँस्कृति, अन्धविश्वास र राजनीतिक क्षेत्रमा रहेका यथास्थितिवादीहरुको विपक्षमा पत्रकारिता उभिएर जनताको हक र हीतको पक्ष कलम चलाउनुपर्ने उनको भनाइ छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको अतिरिक्त देश र जनतालाई अदम्य शाहस भएको स्वाभिमानयुक्त पत्रकारिता आवश्यक रहेको शर्मा बताउँछन् । विभिन्न कालखण्डमा शासकहरुबाट पत्रकारिता क्षेत्रलाई दबाउन भएका प्रयासहरु बिफल पार्दै पत्रकारिता निडरतापूर्वक अघि बढेको उनले स्मरण गराए ।




तु खबरका सम्पादक गिरिजा अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्त प्रजा, बागमती प्रदेशसभा सदस्य मुनु सिग्देल, नेकपा एमालेका अध्यक्ष एकालाल श्रेष्ठ, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, नेकपा माओवादी केन्द्र मकवानपुरका सचिव भीम पाखिन, मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, मकवानपुर जागरण अभियानका अध्यक्ष कृष्णराज कोइरालालगायतको आतिथ्यता थियो ।

मकवानपुर जागरण अभियानको सहकार्यमा वार्षिक उत्सवको अवसर पारेर तु खबर डटकमले ५ जना पत्रकार र एक जना छापाखानामा कार्यरत् कर्मचारीलाई पुरस्कार तथा सम्मान प्रदान गरेको छ ।

अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकका सम्पादक अखण्ड भण्डारी, राजधानी दैनिकका सम्पादक ध्रुव लम्साल, नेपाल समाचारपत्रका मकवानपुर संवाददाता रोशन पराजुली, रेडियो मकवानपुरका समाचार प्रमुख राजन दाहाल (खुशराज), धादिङपोष्ट डटकमका सम्पादक नारायण शिलवाल र विभिन्न छापाखानामा पत्रपत्रिका छपाईको काम गर्दै आएका सोमबहादुर बिष्टलाई नगदसहित पुरस्कृत गरिएको हो । भण्डारीले १५ हजार १, लम्साललाई नगद १२ हजार १, पराजुलीलाई नगद १० हजार १, दाहाल र शिलवाललाई जनही १० हजार १ रुपियाँ दिइएको थियो । बिष्टलाई नगद ५ हजार रुपियाँ नगदसहित सम्मान प्रदान गरिएको छ । बिष्ट हेटौंडाका विभिन्न छापाखानामा २०४० सालदेखि कार्यरत् छन् ।

कार्यक्रमको अबसरमा तु खबरद्वारा प्रकाशित 'तु खबर स्मारिका' को पाँचौं संस्करण प्रदेश प्रमुख शर्मा, प्रदेश सांसद मुनु सिग्देल लगायतले विमोचन गरेका छन् । तु खबरले हरेक वर्ष वार्षिकोत्सवको अवसरमा स्मारिका प्रकाशनसँगै सक्रिय पत्रकारहरुलाई पुरस्कार वितरण गर्दै आइरहेको छ ।

## न्युरेनीमा डँढेलो रोक्न अग्निरेखा

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ वर्षायाम सुरु भएसँगै वन क्षेत्रमा डँढेलो लाग्ने सम्भावना बढेको छ । हावाहुरी धेरै चल्दा वनमा डँढेलो लाग्ने गरेको छ ।

वन क्षेत्रमा डँढेलो लाग्दा मानवीय तथा भौतिक संरचनामा असर पुग्न सक्ने भन्दै हेटौंडाको न्युरेनीबासी डँढेलोबाट बच्ने उपायको खोजीमा लगेका छन् । वनलाई डँढेलोबाट जोगाउन हेटौंडा-७ को न्युरेनी चिसापानी सामुदायिक वन उपभोक्ता समूहका उपभोक्ताहरु अग्नि रेखा बनाउन जुटेका छन् । छिमेकी वनमा डँढेलो लागेमा आफ्नो वनमा आउन नदिन उनीहरु अग्नि रेखा बनाउन व्यस्त भएका हुन् । डँढेलो रोक्न बालबालिकादेखि वृद्धवृद्धासम्म अग्नि रेखा बनाइरहेका छन् ।

बर्षेनि हेटौंडा-५, पिप्ले पोखरा वन क्षेत्रबाट फैलिने डँढेलोले हैरानी खेप्दै आएको न्युरेनी बनले डँढेलोको समस्या सुरु हुनुअघि नै वन सीमा क्षेत्रमा अग्नि रेखा बनाउन थालेको हो । सुख्खायाममा रुखका पात सुकेर झर्ने र डँढेलो चाँडो सल्कने भएकाले सीमाक्षेत्रमा सरसफाइ कार्य गरेको समूहका अध्यक्ष ज्ञानबहादुर क्षेत्रीले बताए । कान्तिलोकपथमा जोडिएको पश्चिम सीमा रेखाबाट सुरु गरिएको अग्नि रेखा निर्माण कार्य मकवानपुरगढीको कालिखोला सीमासम्म लैजाने र पूर्वी सीमा रानी वन क्षेत्रमा अग्निरेखा निर्माण गरिने समूहले जनाएको छ ।

## पेट्रोलियम पदार्थको अभावले उपभोक्ता मारमा

साझाकुरा संवाददाता



हेटौंडा, १९ चैत/ कमिशन नपाएको झोंकमा व्यवसायीहरुले पेट्रोलियम पदार्थको कृतिम अभाव सिर्जना गराएपछि उपभोक्ताहरु समस्यामा परेका छन् ।

शुक्रबारदेखि हेटौंडामा पेट्रोलियम पदार्थको अभाव भएपछि पम्पहरुमा सवारीसाधनको बाक्लो लाइन लागेको छ । उपभोक्ताहरु चर्को घाममा घण्टौं लाइन बसेर पेट्रोलियम पदार्थ हाल्न बाध्य भएका छन् ।

सवारीमा तेल हाल्नेहरुको चाप बढेसँगै कतिपय पम्पहरुमा पेट्रोलियम पदर्थ अभाव भएको छ । उपभोक्ताहरुले माग खेपिरहेपनि व्यवसायीहरुले थप आन्दोलन चर्काउने बताएका छन् । नारायणी पेट्रोलियम डिलर एसोसिएसनका अध्यक्ष उत्सव इटेनीले नेपाल आयल निगमले बिक्रेतालाई कमिशन नबढाएका कारण आन्दोलन गर्नुपरेको बताए । उनले उपभोक्ताहरुलाई पर्न गएको असुविधाप्रति क्षमा मागेका छन् ।

कमिशन बढाउन छोडेर नेपाल आयल निगमले झन घटाएको भन्दै चरणबद्ध आन्दोलनमा होमिएको बताए । उनका अनुसार शनिबारबाट पेट्रोलिमय पदार्थमा अभाव सुरु भएको हो । नेपाल पेट्रोलियम डिलर एसोसिएसनले पेट्रोलियम पदार्थको बिक्री बन्द गर्ने चेतावनी दिएपछि देशभर पेट्रोलियम पर्दाथको अभाव खट्किएको हो । पेट्रोलियम पदार्थको मूल्यबृद्धि आफूखुशी बढाएर निगमले बिक्रेतालाई ध्यान नदिएको इटेनीको भनाइ छ । ५० वर्षदेखि पाइरहेको कमिशनमा कटौती गर्नुका साथै बिक्रेताले पाउँदै आएको २ दशमलव ६ प्रतिशत कमिसन पनि घटेकोप्रति आन्दोलन भएको इटेनीले बताए । माग पूरा नगरे पेट्रोलियम पदार्थको बिक्री ठप्प पार्ने चेतावनी व्यवसायीहरुको छ ।

## राक्सिराङका जनप्रतिनिधिले त्यागे सरकारी सुविधा

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ कार्यकालको अन्तिमतिर आउँदै गर्दा मकवानपुरको राक्सिराङ गाउँपालिकाका जनप्रतिनिधिले आफूहरुले पाउँदै आएको सरकारी सुविधा त्यागेको स्वघोषणा गरेका छन् । शनिबार राक्सिराङ-९ स्थित गैजुराङमा अन्तिम कार्यपालिका बैठक बस्दै जनप्रतिनिधि भएवापत आफूहरुलाई प्राप्त भएको सरकारी सवारी तथा तलब भत्ता त्याग गरेको घोषणा गरेका हुन् ।

गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, ९ वटै वडाका वडाध्यक्ष, कार्यपालिका सदस्यसहितको बैठकले आफूहरु अब आआफ्नो पार्टीको चुनावी प्रचारप्रसारमा व्यस्त हुनुपर्ने भएकाले नैतिकताको आधारमा सरकारी सुविधा त्याग गरेको घोषणा गरेका हुन् । सरकारले आगामी वैशाख ३० गतेको लागि स्थानीय तहको निर्वाचन घोषणा गरेसँगै दलहरुमा निर्वाचनको चटारो सुरु भइसकेको छ ।

२०७४ सालको स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसबाट बिजयी भएका अध्यक्ष राजकुमार मल्ल, उपाध्यक्ष निर्मला हिम्डुङसहित कांग्रेस र अन्य दलबाट निर्वाचित वडाध्यक्ष र कार्यपालिका सदस्यहरुबीच शनिबारको अन्तिम कार्यपालिका बैठकबीच एकअर्कालाई फूलमाला र अबीर लगाएर बिदा भए ।

'हामीले राजीनामै दिएर पनि चुनावमा होमिन सक्थ्यौं तर, त्यसो गर्दा जनताको काम प्रभावित हुने देखिएकाले कार्यालयबाट हुने जनताको काम चाहिँ गर्ने तर, सरकारी सुविधा चाहिँ त्याग गर्ने निष्कर्षमा पुगेका छौं ।' गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले भने । 'अर्को पटक पनि पार्टीले टिकट दिएमा र जनताले पत्याएमा पुन: गाउँपालिकाको काम कारबाही सम्हाल्न हामीमध्ये धेरै पुन: दोहोरिन सक्छौं । अहिलेलाई सबै सुविधा त्यागेर उच्च नैतिकता प्रस्तुत गरेका छौं ।'

करिब पाँच वर्षसम्म सँगै यात्रा गर्दा कार्यापालिका सदस्यहरुबाट धेरै सहयोग प्राप्त भएको र आफूहरुले सोचेभन्दा धेरै काम गर्न सफल भएको पनि अध्यक्ष मल्लले स्मरण गरे । 'हामी फरक फरक पार्टीबाट निर्वाचित भएर आएका थियौं । फरक पार्टी र फरक बिचार हुँदा काम गर्न अप्ठेरो भएका अन्य स्थानीय तहका धेरै उदाहरण छन् तर, हाम्रोमा कुनै दिन पनि त्यस्तो विवाद भएन । जनताको काममा हामी एक मन भएर लाग्यौं अध्यक्ष मल्लले भने । उनले आफ्नो कार्यकाल सफल बनाउन भूमिका खेल्ने सबै क्षेत्रका व्यक्तित्व र संघसंस्थाहरुलाई पनि धन्यवाद र आभार व्यक्त गरे ।

## एकीकृत समाजवादीले बढायो चुनावी सक्रियता

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ नेकपा एकीकृत समाजवादीले हेटौंडा उपमहानगरपालिकामा चुनाव केन्द्रित सक्रियता बढाएको छ ।

समाजवादीले चुनावी अभियानअन्तर्गत् शनिबार हेटौंडाको ६, ७, ९, १४ र १८ नम्बर वडामा बैठक बसेर चुनाव केन्द्रित विभिन्न योजना पारित गरेको छ । यही चैत १८ गते पार्टी नगर कमिटीको बैठकको सर्कुलर कार्यान्वयन गर्दै एकीकृत समावादीको वडावडामा चुनावी अभियानअन्तर्गत् विभिन्न कार्ययोजना अघि बढाइएका छन् ।

अभियानअन्तर्गत् चुनावी गठबन्धनका लागि अध्यक्षको संयोजनमा तीन सदस्यीय वडास्तरीय समिति हरेक वडावडामा निर्माण गरिएको जनाइएको छ ।

अभियानअन्तर्गत् स्वयम् सेवक परिचालन, भेला, प्रशिक्षण घरदैलो अभियानलगायत कार्यक्रम गरिएका छन् । यही चैत २१ गतेसम्म चुनावी अभियानअन्तर्गत् वडास्तरीय चुनावी संरचना निर्माण कार्यले हेटौंडा उपमहानगरमा अहिले तीव्रता पाइरहेको जनाइएको छ ।

पार्टीका अनुसार १०१ सदस्यीय निर्वाचन परिचालन कमिटी निर्माण गरी चुनावी अभियान हेटौंडामा अघि बढेको हो ।

## गोविन्दले ल्याए 'जीवन धराप भो' गीत

हेटौंडा, १९ चैत/ मकवानपुरे नवगायक गोविन्द बर्तौंलाले 'जीवन धराप भो, छाला राम्रो हुनेको चाला खराब भो' बोलको लोकगीत बजारमा ल्याएका छन् ।

रामकुमार नेपालीको संगीत, अमृत नेपालीको शब्द रहेको गीतमा बर्तौला र आशा केशीले स्वर दिएका छन् । सानैदेखि लोकगीतमा रुची भएका बर्तौलाले शनिबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै 'जीवन धराप भो, छाला राम्रो हुनेको चाला खराब भा' बोलको गीत सार्वजनिक गरेका हुन् । शिक्षण पेशामा संलग्न बर्तौला जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-८ सिम्पानीका हुन् । उनले आफ्नो स्वरमा औपचारिक रुपमै पहिलो पटक बजारमा गीत ल्याएको बताए । 'यसअघि कभर गीतहरु गाएको छु । आफ्नो स्वरमा पहिलोपटक लोकगीत ल्याएको हुँ ', बर्तौलाले भने ।

मान्छेलाई बाहिरबाट हेर्दा जति सुन्दर देखेपनि उसको चरित्र त्यस्तो हुन नसक्ने भन्ने सन्देश गीतमा रहेको गायक बर्तौलाले बताए । बर्तौलाको गीत भारती पिक्चर्स नामक युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ । विभिन्न सार्वजनिक कार्यक्रम, स्टेज शोहरुमा आफ्नो लोकगायन कला प्रस्तुत गर्दै आएका बर्तौलाले लोकगीतको एल्बम बजारमा ल्याउँन पाउँदा खुशी लागेको सुनाए । २०६२/०६३ सालदेखि लोकदोहोरीमा रुची बढ्न थालेकोमा अहिले आफ्नो रहर एल्बम नै निकालेर पूरा गरेको उनी बताउँछन् ।

'सानैदेखि लोकगीत सुन्ने, गुनगुनाउने गर्थे, एक दिन लोकगीत निकाल्छु भन्ने सोच मनमा पालेको थिए ।' बर्तौला भन्छन्, 'लामो समयदेखिको इच्छा आज पूरा गरेको छु ।' गीतको भिडियो ललितपुर भैंसेपाटीस्थित श्रीकाली चौरमा सुटिङ गरिएको छ । ९ मिनेट ३० सेकेन्डको गीतमा कलाकार लोमस शर्मा र रिना थापामगरले अभिनय गरेका छन् । उनले आगामी दिनमा पनि लोकगीत ल्याउने बताएका छन् ।

## जनकल्याणका ज्येष्ठ शेयर सदस्यलाई भ्रमण

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ हेटौडा-६, चौघडामा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाले संस्थामा आबद्ध ज्येष्ठ शेयर सदस्यहरुलाई धार्मिक स्थलको अवलोकन भ्रमण गराएको छ ।

संस्थाको चालु आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार अवलोकन भ्रमण कार्यक्रमको आयोजना गरिएको संस्थाले जनाएको छ ।

सहभागीहरुले जनकपुरमा रहेको ऐतिहासिक रामजानकी मन्दिर र सर्लाहीमा रहेको भरत तालको अवलोकन गर्ने कार्यक्रम रहेको भ्रमण संयोजक यतिराज दंगालले बताए । सहकारी संस्थाले प्रत्येक वर्ष ज्येष्ठ शेयर सदस्यहरुलाई विभिन्न जिल्लाहरुमा रहेका ऐतिहासिक धार्मिक स्थलहरुको अवलोकन गराउँदै आएको संस्था अध्यक्ष हिमाल पौडेलले बताए ।

भ्रमण दलमा ५० जनाको सहभागिता रहेको छ । संस्थामा करिव ३ हजार शेयर सदस्यहरु आवद्ध छन् ।

## घिमिरे बन्धु प्रतिष्ठानमा नयाँ कार्यसमिति

साझाकुरा संवाददाता

हेटौंडा, १९ चैत/ घिमिरे बन्धु राष्ट्रिय प्रतिष्ठान जिल्ला कार्यसमिति मकवानपुरको अध्यक्षमा ध्रुवप्रसाद घिमिरे सर्वसम्मत चयन भएका छन् ।

शनिबार हेटौंडामा भएको सातौं वार्षिक साधारणसभा तथा तेस्रो जिल्ला अधिवेशनबाट घिमिरेको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको हो ।

समितिको उपाध्यक्षमा ज्ञानप्रसाद घिमिरे, शंकरप्रसाद घिमिरे, सचिवमा यदुकुमार घिमिरे, सहसचिवमा उज्वल घिमिरे, कोषाध्यक्षमा भवनाथ घिमिरे र सहकोषाध्यक्षमा सरिता घिमिरे चयन भएका छन् । सदस्यहरुमा विष्णु घिमिरे, लक्ष्मी घिमिरे, कृष्ण घिमिरे, बर्षाद घिमिरे, चिरञ्जीवी घिमिरे, उत्तम घिमिरे, हीरामणि घिमिरे र दुर्गा घिमिरे चयन भएका छन ।

साधारणसभाको पहिलो सत्रमा सचिव शंकरप्रसाद घिमिरेले प्रगति र आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । साधारणसभाको अवसरमा खेल क्षेत्रमा उत्कृष्ट कार्य गर्ने पिप्ले युवा क्लवका अध्यक्ष सुशील घिमिरे र ज्येष्ठ सदस्य कृष्णप्रसाद घिमिरेलाई सम्मान गरिएको सचिव यदुकुमार घिमिरेले बताए । पिप्ले क्लबका अध्यक्ष घिमिरेलाई नेतृत्वदायी भूमिका निभाएर क्याम्पा रंगशाला र बहुउद्देश्यीय कर्भड हल निर्माण गरेको भन्दै प्रतिष्ठानले सम्मान गरेको हो ।

## कैलाशेश्वर टोविसको भेला

हेटौंडा, १९ चैत/ हेटौंडा-१७, गुरौ खोलामा रहेको कैलाशेश्वर महादेव टोल विकास संस्थाको प्रथम वार्षिक साधारणसभा शनिबार भएको छ ।

साधारणसभा हेटौंडा-१७ का वडा अध्यक्ष भैरबबहादुर राईको प्रमुख आतिथ्यता तथा संस्थाका अध्यक्ष बालगोपाल घिमिरेको सभाध्यक्षतामा भएको छ । साधारणसभामा संस्थाका अध्यक्ष घिमिरेले प्रगति प्रतिवेदन र कोषाध्यक्ष सीतादेवी अधिकारीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका छन् । साधारणसभामा टोलबासीहरुले वडा अध्यक्ष भैरबबहादुर राईलगायत जनप्रतिनिधिहरुसँग सडक, बत्ती, खानेपानीलगायत समस्याहरुको समाधान गर्न आग्रह गरेका थिए ।

साधारणसभामा हेटौंडा उपमहानगरपालिका कार्यपालिका सदस्य शंकरबहादुर राई, १७ नम्बर वडा सदस्य भीमबहादुर राई, टीका प्रसाद तिमल्सिना, हेटौडा उपमहा नगरपालिका समाज कल्याण शाखा प्रमुख भैरबबहादुर कुमाल, संस्थाकी उपाध्यक्ष सुशिला श्रेष्ठ, सञ्चारकर्मी भीमसेन पौडेल लगायतकाले मन्तव्य व्यक्त गरेका थिए । संस्थामा ८५ घरधुरी आवद्ध छन् ।


## जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकार का प्रभावकारी जीवाणु ब्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परि वर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

## नि:शुल्क तालिमको अवसर

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय व्यवसायीक तथा सीप विकास तालिम प्रतिष्ठान भैसेपाटी ललितपुरको आर्थिक सहयोगमा ट्रेडलिङ्ग टेक्निकल ट्रेनिङ्ग, इन्स्टीच्युट प्रा.लि काठमाडौंले संचालन गर्ने नि:शुल्क ६५ दिने (३९० घण्टे) **कम्प्युटर रिपियर्स** तालिम लिन ईच्छुक व्यक्तिहरुले तल उल्लेखित स्थानमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**सहभागी संख्या**: ४० जना
**तालिम संचालन हुने स्थान**: हेटौंडा उपमहानगरपालिका
**तालिम दिने संस्थाको सम्पर्क व्यक्ति र ठेगाना**
**फर्म भर्ने अन्तिम मिति**: २०७८/१२/२३ गते
**ठेगाना**: टि.सि.एन. रोड, हेटौंडा-१०, मकवानपुर
**सम्पर्क नं.**: ९८५५०७१६१९, ९८४५५८८८२०, ९८५५०८६९९९

## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)



## खुल्यो ! खुल्यो

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

## HETAUDA CITY HOSPITAL PVT.LTD.


*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

### VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.





**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

## www.sajhakuranews.com

साझाकुरा

"तपाईं हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना